**मिति २०७८ माघ १८ गते (वि.सं. २०७८।१०।१८) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२५औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १**

यस तुलसीपुर उपमहानगरपालिकाको १० औं नगरसभा बिक्रम संबत २०७८।१०। २८ गते शुक्रबार दिनको ११ .०० बस्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस तुलसीपुर उपमहानगरपालिकाका १९ वटा वडामा आ.ब. २०७९/०८० का तराई मधेस समृद्धि कार्याक्रम अन्तरत समावेश गरी संचालन गर्ने योजनाहरु सबै वडाले डिपिआर गरी योजना शाखामा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिका क्षेत्रमा छाडा रहेका सामुदायीक तथा घरपालुवा कुकुरहरुको कारणले कुनै पनि समयमा समुदायमा रेबिज रोग फैलन सक्ने जोखिम रहेकोले त्यस्ता प्रकृतीका कुकुरहरुको बन्धाकरण गर्न चालु आ.ब.को नगरस्तरीय योजनामा बिनियोजित कुनै पनि शिर्षकको बजेट बाट बजेट सुनिश्चत गरी रु २५००००।(दुईलाख पचासहजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय: ४**

तुलसीपुर उपमहानगरपालिकाको पुश सेवा शाखाको प्राङ्गणमा हाल सम्म पशु आराम गर्ने तथा उपचार कक्ष नहुदा कृर्षक,बिरामी पशुहरु एवं उपचार कार्यमा संलग्न जनशक्ति बर्षायाममा समेत खुल्ला आकाश मुनि बसी सेवा दिदा कठिनाही भएकोले सो सेवालाई प्रभावकारी र सरल एवं सहज बनाउनका लागि अस्थायी टहरा निर्माण गर्न चालु आ.ब.को नगरस्तरीय योजनामा बिनियोजित कुनै पनि शिर्षकको बजेट बाट बजेट सुनिश्चत गरी रु ३,५००००।(तीनलाख पचासहजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय: ५**

तुलसीपुर उपमहानगरपालिकामा प्रयोगशाला तथा डिस्पेन्सरी संचालनका लागि औषधि व्यवस्थापन सम्बन्धमा डिस्पेन्सरी सेवा सञ्चालन गर्न आवश्यक भएकोले चालु आ.ब.को नगरस्तरीय योजनामा बिनियोजित कुनै पनि शिर्षकको बजेट बाट बजेट सुनिश्चत गरी रु २५००००।(दुईलाख पचासहजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

(मिति २०७८।१०।१८ गते १२५औं का.पा.बैठकका निर्णयहरु)

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश
२०७३

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

**मिति २०७८ माघ १८ गते (वि.सं. २०७८।१०।१८) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२५औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय: ६**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब. २०७८/०७९ को मंहिला बालबालिका तथा सामाजिक बिकास शाखाको स्वीकृत बजेट तथा कार्यक्रममा अपाङ्गता सहायता कक्ष सञ्चालन तथा दोभाषे ब्यवस्थापनका लागि रु २,०००००।(दुईलाख मात्र) बिनियोजन भएकोमा दोभाषेको ब्यवस्थापन बिद्यालय मर्ज गर्दा तालिम प्राप्त शिक्षक श्री लालमति खरेललाई दोभाषेको रुपमा कार्यालयको सहायता कक्षमा ब्यवस्थापन गरिसकिएकोले उक्त दोभाषे ब्यवस्थापनमा बिनियोजित रकमलाई अपाङ्गता भएका ब्यक्तिहरुका लागि आवश्यक सहायक सामग्रि खरिद गर्न बजेट तथा शिर्षकान्तरको स्वीकृती दिने निर्णय गरियो ।

**निर्णय: ७**

तुलसीपुर उपमहानगरपालिकामा लामो समय महिला स्वास्थ्य स्वयंसेबिकाको रुपमा कार्यरत रहेका स्वयंसेबिकाहरु ६० बर्ष पुरा भई सेवा बहिरगमन हुदा आवश्यक प्रोत्साहन रकमका लागि महिला स्वास्थ्य स्वयंसेबीका समुह को च.नं. १४ मिति २०७८।८।२६ गतेको पत्रबाट माग भई आएकोले महिला स्वास्थ्य स्वयंसेबिका प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धमा आवश्यक कार्यबिधि निर्माण गर्न सामाजिक बिकास समितिलाई जिम्मेवारी दिने निर्णय गरीयो ।

**निर्णय: ८**

तुलसीपुर उपमहानगरपालिका वडा नं ४ स्थित श्री गुरुजजुर नमुना मा.बि.को मिति २०७८।६।१६ गते बसेको बिद्यालय ब्यवस्थापन समितिको निर्णय नं. ५ र ७ नं. वडा कार्यालयको च.नं. २७०४ मिति २०७८।१०।१३ गतेको सिफारिस पत्र बमोजिम तुलसीपुर ७ मा रहेको प्रा.बि. श्रीगैले हकभोक गरेको हालको जग्गा तथा बिदालय भवन मध्ये ०-५-० कठ्ठा जग्गा तुलसीपुर उपमहानगरपालिका ७ नं. वडा कार्यालयले हकभोग र संरक्षण गर्ने बांकी सबै जग्गा तथा प्राबि श्रीगैको बिद्यालय भवन श्री गुरुजजुर नमुना मा.बि.ले हक भोग गर्ने गरी माग भएकोले हाल प्रा.बि. श्रीगैको कक्षा स्थगत भएको अवस्थामा जग्गा र भवनको संरक्षणको अभाव भएको तथा ७ नं. नडा कर्यालयको प्रशासनिक भवन तथा गुरु जजुर नमुना मा.बि.मा भवन तथा जग्गाको समस्या रहेकोले उक्त प्रा.बि. श्रीगैले हाल हकभोग गरेको जग्गा मध्ये ०-५-० कठ्ठा जग्गा ७ नं. वडा कार्यालयले हकभोग गर्ने र बांकी रहेको सबै जग्गा तथा बिद्यालयको भवन श्री गुरुजजुर नमुना माबिले हकभोग तथा संरक्षण गर्ने गरी हस्तान्त्रण गर्ने निर्णय गरियो ।



प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख



तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**मिति २०७८ माघ १८ गते (वि.सं. २०७८।१०।१८) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२५औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णयः ९**

तुलसीपुर उपमहानगरपालिकाका तपसिल बमोजिमको बिधेयकहरुलाई आगामी १०औं नगरसभामा स्वीकृतीका लागि पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

१. तुलसीपुर उपमहानगरपालिका अटो मोबाईल वर्कसप सञ्चालन तथा व्यवस्थापन गर्न बनेको बिधेयक,२०७८

२. तुलसीपुर उपमहानगरपालिका स्थानीय बजार व्यवस्थापन तथा अनुगमन बिधेयक,२०७८

३. तुलसीपुर मेट्रो अस्पताल स्थापना,सञ्चालन तथा व्यवस्थापन सम्बन्धी बिधेयक,२०७८

४.तुलसीपुर उपमहानगरपालिका सार्बजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा स्न्चालन बिधेयक २०७८

५.मटांवा प्रर्णाली संरक्षण,प्रवर्द्धन र बिकास गर्न बनेको बिधेयक,२०७८

६. तुलसीपुर उपमहानगरपालिकाको नगर प्रहरी बिधेयक ,२०७८

**निर्णय नं. १०**

तुलसीपुर उपमहानगरपालिका एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वय सञ्चालन कार्यबिधि,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तुलसीपुर उपमहानगरपालिकाको शिक्षा समितिको मिति २०७८।७।१४ गतेको निर्णय बमोजिम तुलसीपुर उपमहानगरपालिकाको सरकारी बिद्यालयमा कार्यतर बिद्यालय सहायक कर्मचारीहरुको तलब चालु आ.ब. २०७८/०७९को शिक्षा युवा तथा खेलकुद महाशाखा अन्तरत बिनियोजित बजेट शिर्षक नं. २२५२२ बिद्यालय सहायक कर्मचारी लेखापाल बाट संघीय सरकारले निनियोजन गरेको रु. १३,५००। मा स्थानीय पालिकाबाट रु. ५०००।(पांचहजार मात्र) २०७८ श्रावण मसान्तबाट लागू हुने गरी थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तुलसीपुर उपमहानगरपालिकाको वडा नं. ७ मा सञ्चालि मा.बि. कालाखोलामा श्रोत कक्षा सञ्चालनका लागि सानोठिमि भक्तपुरमा सिफारिस गर्ने निर्णय गरियो ।

(मिति २०७८।१०।१८ गते १२५औं कार्यपालिका.पा.बैठकका निर्णयहरु)

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

घनश्याम पाण्डे प्रमुख

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७८ माघ १८ गते (वि.सं. २०७८।१०।१८) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२५औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १३**

यस तुलसीपुर उपमहानगरपालिका वडा नं. ८ र ९ को नयां बस्ती हात्तिगौडा देखि कटकुईया जानेबाटो कालोपत्रे गर्नका लागि तुलसीपुर उपमहानगरपालिका बाट आवश्यक यान्त्रीक साधन र बेशको व्यवस्था मिलाईदिनुहुन भनि ९ नं वडा कार्यालयको च.नं.१२५४ मिति २०७८।९।२६ गतेको पत्रबाट सिफारिस भई आएकोले दुई वटा वडा जोडने महत्वको बाटो भएकोले यस उपमहानगरपालिकाबाट आवश्यक यान्त्रीक साधन र ब्यसको समेत ब्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

तुलसीपुर उपमहानगरपालिकाले मिति २०७८।६।२४ गते च.नं. १८७५ को पत्रबाट श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई यस उपमहानगरपालिकामा समायोजन मिलान भई आएका कर्मचारीलाई साबिकमा कार्यरत पालिकाबाटै तलव भत्ता पाउने गरी सहमति पत्र दिएकोमा पुनः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८।१०।१२ गते च.नं.७/१७३४को पत्रबाट यस उपमहानगरपालिका बाटै तलब भत्ता उपलब्ध गराउने गरी हाजिर गराउन पत्राचार भएकोले नेपाल सरकारको सशर्त अनुदानको तलब भत्ता आएको अवस्थामा मात्र त.भ. उपलब्ध गराउने गरी यस उपमहानगरपालिकाले स्वास्थ्य सेवा अन्तरगत दरबन्दी बाहिर रहेका कर्मचारीहरुलाई हाजिर गराई कामकाज लगाउने र अव उप्रान्त कुनै पनि सेवा समुहका पदमा दरबन्दी बाहिर सहमति नदिने निर्णय गरियो ।

**निर्णय नं. १५**

तुलसीपुर उपमहानगरपालिकाले लागू गरेको बिज्ञापन करका सम्बन्धमा बढि भएको भनि जनगुनासो आएकोले सोको कर मिलान गरी स्वीकृतीका लागि आर्थिक समितिले पेश गरेको प्रतिवेदन आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

तुलसीपुर उपमहानगरपालिकाले लागू गरेको सरसफाई शुल्क सम्बन्धमा बढि भएको भनि जनगुनासो आएकोले सोको कर स्ल्यावहरु संशोधन गरी स्वीकृतीका लागि आगामी नगरसभामा पेश गर्न आर्थिक समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

घनश्याम पाण्डे
प्रमुख

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत





तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**मिति २०७८ माघ १८ गते (वि.सं. २०७८।१०।१८) मंगलबार तुलसीपुर उपमहानगरपालिकाको १२५औं कार्यपालिका बैठका निर्णयहरु :**

तुलसीपुर उपमहानगरपालिकामा सञ्चालित मन्टेश्वरीहरुको नबिकरण शुल्क निर्धारण गर्दा करको दरबन्दी अश्वाभाबिक रुपमा बढी भएको भनि गुनासो आएकोले सोको कर स्ल्यावहरु संशोधन गरी आगामी नगरसभामा पेश गर्न आर्थिक समितिलाई जिम्मवारी दिने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस तुलसीपुर उपमहानगरपालिकाबाट असुल उपर हुदै आएका बिभिन्न प्रकारका करहरुलाई निजी क्षेत्रको संलग्नतामा संकलन गर्दा प्रभावकारी हुने भन्ने बिभिन्न सरोकारवालाहरुको छलफलबाट राय प्राप्त भएकाले प्रभावकारी कर संकलन गर्ने अभिप्रायले तुलसीपुर तुलसीपुर उद्योग बाणीज्य संघ र तुलसीपुर चेम्बर अफ कर्मर्श संग आवश्यक संझौता गरी कर संकलनको प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १९**

तुलसीपुर उपमहानगरपालिकाको कर्मचारी आन्तरिक भ्रमण(कार्यक्रम सञ्चालन) निर्देशिका,२०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

घनश्याम पाण्डे

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत



तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
नेपाल